# जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको संस्थापक समूहको शेयर लिलाम बढाबढ प्रक्रियाद्वारा बिक्री गर्न विद्यमान संस्थापक तथा सर्वसाधारणहरुलाई शिलबन्दी बोलपत्र आव्हानको सूचना

**शिलबन्दी बोलपत्र पेश गर्ने शुरु मिति : २०८१/१०/३०**
**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८१/११/१३**

जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको संस्थापकहरुको नाममा रहेको संस्थापक समूहतर्फको कुल ८,४५,२२६ कित्ता शेयर प्रचलित नियम कानून तथा नेपाल राष्ट्र बैंकबाट "घ" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशन, २०८१ को निर्देशन नं. १०/०८१ तथा धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा भएको व्यवस्थाको अधिनमा रही संस्थापक समूहको शेयर सोही समूहमा नै रहने गरी लिलाम बढाबढद्वारा बिक्री गर्न वित्तीय संस्थाको संचालक समितिको निर्णयबाट स्वीकृति प्राप्त भई सम्बन्धित संस्थापक शेयरधनीहरुबाट उक्त शेयरहरु लिलाम बढाबढको माध्यमबाट विद्यमान संस्थापक तथा अन्य व्यक्ति वा संस्थाहरुलाई बिक्री गर्न यस कम्पनीलाई बिक्री प्रबन्धकमा नियुक्त गरेकोले उक्त शेयरहरु खरीद गर्न ईच्छुक विद्यमान संस्थापक शेयरधनी लगायत अन्य ईच्छुक व्यक्ति तथा संगठित संस्थाले **मिति २०८१/११/१३ गते अपरान्ह ३:00 बजेभित्र जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको केन्द्रीय कार्यालय, कटहरी-२, मोरङ्ग वा बिक्री प्रबन्धक एनएमबि क्यापिटल लिमिटेड, बालुवाटार, काठमाडौं**मा आइपुग्ने गरी प्रतिकित्ता के कति दर रेटमा खरीद गर्ने हो तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ।

| क्र.सं. | कोड नम्बर | बिक्रीकर्ता | बिक्री गरिने जम्मा शेयर संख्या | न्यूनतम आवेदन दिनुपर्ने शेयर संख्या | प्रस्ताव गरिएको न्यूनतम प्रति शेयर मूल्य |
|---|---|---|---|---|---|
| १. | A-०८१/८२ | बिक्रीकर्ता नं. १ | ४,००० कित्ता | २५० कित्ता | रु. ५२५/- |
| २. | B-०८१/८२ | बिक्रीकर्ता नं. २ | ४,०३० कित्ता | २५० कित्ता | रु. ५२५/- |
| ३. | C-०८१/८२ | बिक्रीकर्ता नं. ३ | ५,००० कित्ता | २५० कित्ता | रु. ६००/- |
| ४. | D-०८१/८२ | बिक्रीकर्ता नं. ४ | २५,००० कित्ता | २५० कित्ता | रु. ५२५/- |
| ५. | E-०८१/८२ | बिक्रीकर्ता नं. ५ | ६१,१२२ कित्ता | २५० कित्ता | रु. ५२५/- |
| ६. | F-०८१/८२ | बिक्रीकर्ता नं. ६ | ६५,००० कित्ता | २५० कित्ता | रु. ५२५/- |
| ७. | G-०८१/८२ | बिक्रीकर्ता नं. ७ | ७७,५०० कित्ता | २५० कित्ता | रु. ५३०/- |
| ८. | H-०८१/८२ | बिक्रीकर्ता नं. ८ | ९८,६२६ कित्ता | २५० कित्ता | रु. ५४०/- |
| ९. | I-०८१/८२ | बिक्रीकर्ता नं. ९ | २,१७,१०६ कित्ता | २५० कित्ता | रु. ६००/- |
| १०. | J-०८१/८२ | बिक्रीकर्ता नं. १० | २,८७,८४२ कित्ता | २५० कित्ता | रु. ५४०/- |

*ईच्छुक आवेदकले आफुले आवेदन गर्दा कुन बिक्रेताको शेयर खरीद गर्न आवेदन गरेको हो सो को कोड नम्बर सहित आवेदन फाराममा तथा शिलबन्दी खाम बाहिर समेत स्पष्ट रुपमा खुलाउनु पर्नेछ।*

**शर्तहरु:**

१. बोलपत्र आवेदन फाराम जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको केन्द्रीय कार्यालय, कटहरी-२, मोरङ्ग वा बिक्री प्रबन्धक एनएमबि क्यापिटल लिमिटेड, बालुवाटार, काठमाडौंबाट रु. १००/- नगद भुक्तानी गरी प्राप्त गर्न सकिनेछ। आवेदकले फाराम खरीद गर्दा जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड वा बिक्री प्रबन्धक एनएमबि क्यापिटल लिमिटेडबाट छाप लगाएको आवेदन फाराम खरीद गरी लिनुपर्नेछ। छाप नलगाएको वा फोटोकपी गरी पेश गरिएको आवेदन फारामलाई अयोग्य ठहराई बाँडफाँडमा समावेश गरिने छैन।

२. शेयरको न्यूनतम मूल्य प्रति शेयर रु. माथि उल्लेखि गरिएको कोड नं. बमोजिम तोकिएको हुँदा सो वा सो भन्दा बढी मूल्य अंकित गरी बोलकबोल गर्नुपर्नेछ। एउटा व्यक्ति वा कम्पनीले एउटा वा अन्य बिक्रीकर्ताको शेयर खरीद गर्न बोलपत्र मार्फत छुट्टाछुट्टै आवेदन दिन सक्नेछ। तर एउटा बिक्रीकर्ताको शेयर खरीद गर्न आवेदकले एउटा मात्र बोलपत्र मार्फत आवेदन दिन सक्नेछ। साथै, बोलपत्र फाराम लाहाछाप लगाई शिलबन्दी गरिएको हुनुपर्नेछ।

३. बोलपत्र आवेदन फाराममा आफुले लिन चाहेको शेयर संख्या तथा आफूले कबोल गरेको प्रति कित्ता दर अंक र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ। अंक र अक्षरमा लेखेको फरक भएमा अक्षरले लेखेकोलाई मान्यता दिईनेछ। केरमेट भएको ठाउँमा दस्तखत गर्नुपर्नेछ। धेरै केरमेट भई कबोल गरेको शेयर संख्या, प्रति कित्ता शेयर मूल्य वा जम्मा रकम नबुझिने भएमा त्यस्तो बोलपत्रलाई मान्यता दिईने छैन। कबोल गर्ने दर दशमलव पछिको दुई अंक मात्र मान्य हुनेछ।

४. बोलपत्रदाताले बोलपत्रमा आफ्नो नाम, ठेगाना, मोबाईल नम्बर, आफ्नो खाता रहेको बैंकको नाम र खाता नं. तथा आफ्नो हितग्राही खाता नं. (Demat Account No.) लगायत बोलपत्र आवेदन फाराममा उल्लेखित सम्पूर्ण विवरण स्पष्ट रुपमा अनिवार्य उल्लेख गर्नुपर्नेछ।

५. संस्थापक शेयर खरीद गर्न ईच्छुक सम्पूर्ण बोलपत्रदाताले नेपाल राष्ट्र बैंकबाट संस्थापक शेयरधनीको लागि तोकिएको Fit & Proper Test (अनुसूची ३) को विवरण (फोटो सहित), कर्जा सूचना केन्द्र लिमिटेडबाट प्राप्त कालोसूचीमा समावेश नभएको प्रमाणित हुने कागजात (कम्तिमा २०८१ फाल्गुण मसान्तसम्म तीन महिना अवधि कायम रहेको), आयश्रोत खुल्ने कागजातको प्रतिलिपि, पछिल्लो आर्थिक वर्षका कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, आफ्नो नाममा वा आफ्नो नाममा रहेको व्यवसायको स्थायी लेखा नम्बरका साथै नागरिकता प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्नुपर्नेछ।

६. बोलपत्र पेश गर्दा न्यूनतम २५० कित्ता र सो भन्दा बढीका लागि १०० (एक सय) अंकले भाग जाने अधिकत्तम सम्पूर्ण कित्ताको लागि आवेदन दिन सकिनेछ। रु.५ लाख भन्दा बढी रकमको आवेदन दिनेले अनिवार्य रुपमा आफ्नो स्थायी लेखा नम्बर (PAN) आवेदन फाराममा उल्लेख गर्नुपर्नेछ।

७. शेयर आवेदन फाराम नेपाली तथा अंग्रेजी भाषामा BOID मा भएको विवरणसँग हुबहु मिल्ने गरी पूर्ण रुपले भरी बोलपत्रदाताले बोलपत्र आवेदन साथ आफुले खरीद गर्न चाहेको शेयरको जम्मा मूल्य तथा शेयर नामसारी गरिलिंदा तिर्नु/बुझाउनुपर्ने ब्रोकेरेज शुल्क, सेबोन कमिशन र डिपोजिटरी दस्तुर समेत गरी हुन आउने सम्पूर्ण रकम मिति २०८१/११/१३ गतेसम्म तल उल्लेख गरे बमोजिमको बैंक खातामा धरौटी बापत जम्मा गरेको सक्कल भौचर (Deposit Slip) वा IPS मार्फत रकमान्तरण गरिएको भए सो को Transaction Copy संलग्न गर्नुपर्नेछ वा नेपाल क्लियरिङ्ग हाउस लि. को सदस्य भएको बैंक तथा वित्तीय संस्थाको Good For Payment गरिएको A/C Payee Cheque/Manager's Cheque संलग्न गर्नुपर्नेछ। Good For Payment/IPS मार्फत रकम जम्मा गर्दा लाग्ने शुल्क आवेदक स्वंयले नै व्यहोर्नुपर्नेछ।

| क्र.सं. | बैंक | खाताको नाम | खाता नं. |
|---|---|---|---|
| १. | एनएमबि बैंक लिमिटेड | NMB CAPITAL LIMITED - OPERATION | 0010005401000042 |

८. आवेदनका साथ देहायका कागजात संलग्न गर्नुपर्नेछ :
   क. आवेदकले आवेदनका साथ तीन प्रति फोटो, आवेदक स्वयंले प्रमाणित गरेको नागरिकता प्रमाणपत्रको प्रतिलिपि तथा सदस्य दलालकहाँ ग्राहक खाता खोल्न आवश्यक ग्राहक परिचय विवरण तथा बुंदा नं. ५ बमोजिमको आवश्यक कागजात।
   ख. आवेदक संगठित संस्था/कम्पनी भएमा कम्पनीको दर्ता प्रमाणपत्र, कारोबार गर्ने इजाजत पाएको प्रमाणपत्र, शेयरधनी/संचालक लगत, आयकर दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर, पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, शेयर खरीद गर्ने सम्बन्धमा संचालक समितिको निर्णय, संस्था प्रमुखको नागरिकताको प्रमाणित प्रतिलिपि, संस्थाको विगत दुई वर्षको वित्तीय विवरण, संस्थाको तथा संचालकहरुको कर्जा सूचना केन्द्रबाट प्राप्त कालोसूचीमा नरहेको प्रमाणित हुने कागजात (कम्तिमा २०८१ फाल्गुण मसान्तसम्म तीन महिना अवधी कायम रहेको), कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको प्रतिलिपि तथा सदस्य दलालकहाँ ग्राहक खाता खोल्न आवश्यक ग्राहक परिचय विवरण तथा बुंदा नं. ५ बमोजिमको आवश्यक कागजात।
   ग. प्रहरी प्रतिवेदनमा अपराधिक पृष्ठभूमीमा नदेखिएको पत्र (Police Clearance Report) वा देखिएको व्यक्ति भए सजाय भुक्तानी गरी सफाई पाएको ५ वर्ष व्यतित भएको प्रहरीको प्रतिवेदन।
   घ. माथि उल्लेखित कागजात बाहेक अन्य कुनै कागजात आवश्यक परेमा सो समेत आवेदकले जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड वा बिक्री प्रबन्धकको कार्यालयमा उपलब्ध गराउनुपर्नेछ।

९. बोलपत्र आवेदन पेश गर्दा शिलबन्दी खाम बाहिर "**जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड - शेयर खरीद आवेदन (संस्थापक समूह) कोड नम्बर**" उल्लेख भएको हुनुपर्नेछ।

१०. बोलपत्र मिति २०८१/११/१३ गते मंगलबार अपरान्ह ३:०० बजेभित्र जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड वा बिक्री प्रबन्धक एनएमबि क्यापिटल लिमिटेड, बालुवाटार, काठमाडौंमा दर्ता भई सक्नुपर्नेछ। कुनै शर्त राखी पेश गरेको वा रित नपुगेको वा म्याद नाघि आएको बोलपत्रलाई मान्यता दिईनेछैन। साथै, बोलपत्र दाखिला गरिसकेपछि बोलपत्रमा कबोल गरेको शेयर संख्या वा रकममा कुनै हेरफेर गर्न वा बोलपत्र फिर्ता लिन सकिनेछैन।

११. प्राप्त शिलबन्दी बोलपत्रहरु मिति २०८१/११/२० गते मंगलबार बिहान १०:०० बजे एनएमबि क्यापिटल लिमिटेड, बालुवाटार, काठमाडौंमा बोलपत्रदाता वा निजद्वारा लिखित रुपमा नियुक्त प्रतिनिधिको उपस्थितिमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन। उक्त दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन सोहि समयमा सोहि स्थानमा बोलपत्र खोलिनेछ।

१२. प्राप्त बोलपत्रहरुको छानविन तथा जाँच गरी रितपूर्वक पेश गरेका आवेदकहरुलाई बाँडफाँड प्रक्रियामा समावेश गरी प्रारम्भिक बाँडफाँड गरिनेछ। प्रारम्भिक बाँडफाँडमा परेका बोलपत्रदाताहरुको विवरण सहित स्वीकृतिका लागि जीवन विकास लघुवित्त वित्तीय संस्थाको संचालक समितिमा पठाईनेछ र सो वित्तीय संस्थाको संचालक समितिबाट बाँडफाँडको स्वीकृति प्राप्त भए पश्चात् तथा नेपाल राष्ट्र बैंकको स्वीकृति आवश्यक पर्ने बोलपत्रदाताहरु भएमा नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त भए पश्चात् मात्र बाँडफाँडको अन्तिम स्वीकृति भएको मानिनेछ। कथंकदाचित जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड वा नेपाल राष्ट्र बैंकबाट बाँडफाँडका लागि स्वीकृति प्राप्त नभएमा वा माग गरेको शेयरमध्ये आंशिक शेयरकालागि मात्र स्वीकृति प्राप्त भएमा सोहि बमोजिमको शेयर बाँडफाँड गरिनेछ। यसरी गरिएको बाँडफाँड बोलपत्रदातालाई स्वीकार्य हुनुपर्नेछ। बाँडफाँडको अन्तिम स्वीकृति प्राप्त भए पश्चात् मात्र शेयर नामसारीको प्रकृया अगाडि बढाईनेछ।

१३. बाँडफाँडमा परेका आवेदक संस्थापक शेयरधनीहरुलाई निजको नाममा बाँडफाँडमा परेको शेयर निजको हितग्राही खातामा जम्मा गर्नका लागि धितोपत्र दलाल (स्टक ब्रोकर) मार्फत कारोबार गराई जम्मा गरिने भएकाले सो कारोबार गर्दा प्रचलित कानून बमोजिम लाग्ने शुल्क तथा कमिशन सम्बन्धित खरीदकर्ताले नै व्यहोनुपर्नेछ। बिक्रेताको लागि लाग्ने उपरोक्त शुल्क, कमिशन तथा पूँजीगत लाभ कर भने बिक्रेता स्वयंले नै व्यहोर्नुपर्नेछ।

१४. माथि बुँदा १२ बमोजिम वित्तीय संस्थाको संचालक समिति वा नेपाल राष्ट्र बैकको स्वीकृति बमोजिम शेयर बाँडफाँड गर्दा शेयर बाँकी रहन गएमा बाँडफाँडमा नपरेका रितपूर्वकको आवेदन पेश गर्ने बोलपत्रदाताहरुमध्ये प्रति शेयर अधिकतम मूल्य कबोल गर्ने बोलपत्रदाताहरुलाई क्रमशः बाँकी रहेको शेयर वित्तीय संस्थाको संचालक समितिको स्वीकृति लिई बाँडफाँड गर्न सकिनेछ।

१५. दरखास्त फारामसाथ बुझाएको अन्य शुल्क तथा दस्तुर नपुग भएमा वा केही कारणवश परिवर्तन हुन गएमा सो पुनः माग गर्न कुनै बाधा पर्ने छैन।

१६. बोलपत्र आवेदनहरुमध्ये बाँडफाँडमा नपरेको आवेदकहरुको बोलकबोल वापत जम्मा भएको रकम अन्तिम बाँडफाँड पश्चात् धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा तोकिएको समयावधिभित्रमा IPS मार्फत आवेदकहरुले आवेदन फाराममा उल्लेख गरेको बैंक खातामा सोझै फिर्ता भुक्तानी गरिनेछ। साथै, यस्तो फिर्ता गरिने रकममा कुनै ब्याज प्रदान गरिने छैन।

१७. यस सूचना बमोजिम निष्काशन गरिएको शेयरका लागि लिलाम बढाबढ गर्दा सबै शेयर खरीदका लागि दरखास्त नपरे पनि बाँडफाँडमा परेको शेयर सम्बन्धित निवेदकलाई बाँडफाँड गरिनेछ र बाँकी रहेको शेयर सम्बन्धित बिक्रेताको स्वीकृतिमा पुनः लिलाम बढाबढ गरी बिक्री गर्न सकिनेछ।

१८. शेयर बाँडफाँड सम्बन्धी कुनै विवाद उत्पन्न भएमा नियमनकारी निकायको राय सुझाव लिई सोही बमोजिम विवादको समाधान गरिनेछ र सो निर्णय खरीदकर्ता तथा बिक्रेता दुबैलाई मान्य हुनुपर्नेछ।

१९. सम्बन्धित बिक्रेताको नाममा रहेको शेयर खरीदकालागि प्राप्त योग्य आवेदनलाई मात्र सोहि बिक्रेताको शेयर बाँडफाँडमा समावेश गरिनेछ।

२०. एउटा बिक्रीकर्ताको शेयर खरिदका लागि दिइएको आवेदन अर्को बिक्रीकर्ताको शेयर बाँडफाँडमा समावेश गरिनेछैन।

२१. यस सम्बन्धमा थप जानकारी आवश्यक भएमा वित्तीय संस्थाको केन्द्रीय कार्यालय, कटहरी-२, मोरङ्गमा वा बिक्री प्रबन्धकको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क गरी लिन सकिने छ।

**बिक्री प्रबन्धक:**

**NMB CAPITAL**
**एनएमबि क्यापिटल**

**एनएमबि क्यापिटल लिमिटेड**
बालुवाटार, काठमाडौं, नेपाल, फोनः ९७७-०१-४५३७९६०
इमेलः info@nmbcl.com.np वेबसाइटः www.nmbcl.com.np

Size 3x38 =114 cc
Rate for Paper
**Nayapartika** rs. 300/-, Karobar rs. 300/-, **Abhiyan** rs. 300/- **Arthik Dainik** rs. 170/-
**Nayapatrika** rs.38,646/-, **Karobar** rs.38,646/-, **Abhiyan** rs.38,646/-**Arthik Dainik** rs.21,899/-